# जैमिनी नगरपालिका, कुश्मिसेरा

# बागलुङ

**सार्वजनिक शिक्षाको गुणस्तर सुधार तथा शिक्षा सम्बन्धि कानून निर्माण सुझाव संकलन कार्यशालाबाट पारित सार्वजनिक शिक्षा सुधार सम्बन्धि जैमिनी घोषणा पत्र २०७६**

जैमिनि नगरपालिकाको आयोजनामा नगर प्रमुख श्री ईन्द्रराज पौडेलको अध्यक्षता, शिक्षाका लागि राष्ट्रिय अभियान नेपालको सहकार्य र ओपन सोसाइटी फाउण्डेशनको सहयोगमा मिति २०७६।०९।०६ गते शिक्षाविद प्रा.डा. श्री मनप्रसाद वाग्ले, नेपाल सरकारका पूर्व सचिव डा. श्री महाश्रम शर्मा, NCE Nepal का अध्यक्ष श्री डिल्लीराम सुवेदी , इकाइ प्रमुख श्री रमाकान्त शर्मा तनहुँ, जैमिनी नगरकार्यपालिका, शिक्षकका पेशागत संगठनका प्रतिनिधीहरु, प्रधानाध्यापकहरु, शिक्षक, विव्यस र शिअसंका अध्यक्षहरु पत्रकारहरु र विद्यार्थी समेतको उपस्थितीमा जैमिनी नगरपालिकामा आयोजित सार्वजनिक शिक्षाको गुणस्तर सुधार तथा स्थानिय तहमा शिक्षा कानून निर्माण सुझाव संकलन कार्यशालाबाट पारित सार्वजनिक शिक्षा सुधार सम्बन्धि घोषणा पत्र २०७६

१. राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार बालविकास देखि कक्षा ८ सम्म अनिवार्य र निशुल्क तथा माध्यमिक तह निशुल्क गर्ने प्रावधान अनुसार आफ्नो विद्यालय सेवा क्षेत्रका विद्यालय उमेरका सबै वालवालिका हरुलाइ जैमिनी नगरपालिकाको समन्वय र सहकार्यमा बिद्यालयको पहुँच सुनिश्चत गर्ने ।

२. शिक्षण समय कार्यान्वयन कार्यविधि २०७४ अनुसार बिद्यालय तथा कक्षाकोठामा हुने शिक्षण र समयलाइ मापन तथा बिश्लेषण गरि यसको अधिकतम उपयोगका लागि शिक्षण सिकाई समय कार्डको प्रयोग मार्फत बिद्यार्थी नियमितता र सिकाई उपलव्धि अभिबृद्दि गर्ने, शिक्षक र बिद्यार्थीको मासिक हाँजिरी परिक्षण गर्ने ।

३. उत्कृष्ट शिक्षक, बिद्यार्थी र बिद्यालय लाइ सम्मान तथा पुरस्कृत गर्ने प्रणालिको बिकास गर्ने ।

४. बालबालिकाको भर्ना, निरन्तरता र घरमा पढने बातावरण सुनिश्चित गर्न अभिभावकलाइ जिम्बेवार बनाइ विद्यालय सुधार कार्यमा संलग्न गराउन बिभिन्न क्रियाकलापहरु जस्तैः कम्तिमा २ महिनामा १ पटक कक्षागत अभिभावक भेला, बिद्यालय स्वमुल्यांकन कार्यक्रमहरु संचालन गर्ने ।

५. शिक्षकहरुको मासिक वैठक बसी बालबालिकाको नियमितता र सिकाई जस्ता विषयमा छलफल गर्ने ।

६. बिद्यालयमा रहेका विषयगत शिक्षकहरुको संलग्नता र सहभागितामा विषयगत विभाग गठन गरि एकापसमा कक्षा अवलोकन गर्ने, सुझाव लिने दिने र मिलेर संगसंगै योजना निर्माण गर्ने जस्ता सिक्ने सिकाउने गतिबिधी सञ्चालन गर्ने ।

७. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी_निर्देशिका २०६९ समेतलाई मध्यनजर गर्दै कक्षा शिक्षणमा कम्प्युटर, मल्टिमिडिया प्रोजेक्टर, ईण्टरनेट लगायतका माध्यमबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने, पुस्तकालय र बिज्ञान प्रयोगशालाको व्यबस्था र प्रयोग गर्ने ।

८. बिद्यालय हाता भित्र उच्च नैतिक आचरण कायम गर्दै मादक पदार्थ सेवन, मद्यपान तथा धूम्रपान लगायत सूर्तीजन्य पदार्थ सेवन नगर्ने, कुनै पनि प्रकारको अनैतिक क्रियाकलापमा संलग्न नहुने लगायतका आचारसंहिता निर्माण गरि सबैले देख्ने गरि टाँस र कार्यान्वयन गर्ने साथै शिक्षकले आफूलाई समुदायमा अनुकरणीय व्यक्ति (role model) का रुपमा प्रस्तुत गर्ने ।

९. बिद्यालयलाई बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री गराइ बालबालिकालाई शारीरिक तथा मानसिक दण्ड सजाय, दूर्व्यबहार र भेदभाव नभएको सुनिश्चित गरि विद्यालयलाइ हिंसा रहित बनाउने ।

१०. सिकाईमा पछाडी परेका वालवालिकाहरुलाइ सिकाइ सुधारका लागि सुधारात्मक कक्षा संचालन गर्ने ।

११. सिकाई उपलव्धिलाइ केन्द्रमा राख्दै बिद्यालय सुधार योजना निर्माण, कार्यान्वयन र समय समयमा समिक्षा गर्ने परिपाटीको विकास गर्ने ।

१२. नगरपालिका समेतको सहकार्यमा सानासाना बालबालिकाको अनुकूलको शारीरिक अवस्थालाई ख्याल गर्दै कम्तीमा कक्षा ३ सम्म डेस्क बेञ्च हटाई चिसो तातोबाट सुरक्षित हुने गरी भुईं बसाइ व्यवस्था मिलाउने, कक्षा कोठामा क्रमश: सन्दर्भ सामग्रीयुक्त भित्ते लेखन, विद्यार्थी उपस्थिति बोर्ड तथा तालिका, जब चार्ट, विभिन्न चित्र तथा नक्शाहरु, कोटेशन आदिबाट कक्षाकोठा सजावट गर्ने तथा कक्षाकोठा भित्रै सानो र्‍याक/दराज व्यवस्थापन गरी बाल सन्दर्भ सामग्री सहितको बाल पुस्तकालय व्यवस्थापन गर्ने ।

१३. बालबालिकाहरुलाई दिनभर भोकभोकै पढ्नु पर्ने बाध्यात्मक अवस्थाबाट मुक्त गर्ने ध्येयका साथ अभिभावक भेला, सचेतना जस्ता कार्यक्रमबाट प्रचार प्रसार तथा पैरवी गर्दै अभिभावकहरुको सक्रियता, सहभागिता, लगानी र नगरपालिका र वार्ड कार्यालय संगको सहकार्यमा विद्यार्थी घरबाट विद्यालय आउँदा खाजा लिई पठाउने व्यवस्था मिलाउन अभिभावकहरुलाई अनुरोध गरी दिवा खाजाको सुनिश्चित गर्ने,

१४. हरेक शिक्षकले पाठ्यक्रममा भएका सिकाई उपलव्धि पूरा गर्न पाठयोजना सहितको शिक्षक डायरी प्रयोग, अद्यावधिक र कार्यान्वयनको सुनिश्चित गर्ने र सो को अनुगमन समेत गर्ने ।

१५. विद्यालयको भौतिक वाताबरणलाई ताजा, मनमोहक बनाई प्रथम दृष्टिमा नै विद्यालय प्रति सकारात्मक भावना विकास गर्ने हेतूले शिक्षक तथा विद्यार्थी परिचालन गरी हरित विद्यालय कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५ बमोजिम विद्यालय हातामा वृक्षारोपण गर्ने तथा विद्यालयमा फूलबारी र करेसाबारी व्यवस्थित गर्ने,

१६. विभिन्न सरकारी तथा गैर सरकारी संघसंस्थाहरुसँग समन्वय गरी स्थानीय स्तरमा सञ्जाल निर्माण गर्ने साथै उक्त सञ्जालको सहकार्यमा आवश्यक कार्य योजना निर्माण गरी स्थानीय स्रोत साधनको नक्शांकन, संकलन र समुचित परिचालन गर्ने,

१७. नगरपालिका स्तरमा प्रगति समिक्षा गरी सुधारका लागि प्रधानाध्यापकहरुको बैठक कम्तिमा २ महिनामा १ पटक संचालन गर्ने ।

१८. सम्बन्धित वडा अध्यक्षहरुको पहलमा कम्तिमा २ महिनामा १ पटक शैक्षिक सुधारका लागि सरोकारवालाहरु विच शैक्षिक अन्तर्किया कार्यक्रम संचालन गर्ने ।

१९. सामाजिक बिकास समिति समेतको जनप्रतिनिधी हरुको सहभागितामा बिद्यालयको नियमित अनुगमन, मूल्यांकन र पृष्ठपोषणका कार्यहरु गर्ने ।

२०. शिक्षाका नीति नियम अनुसार पठनपाठनको माध्यम नेपाली, अंग्रेजी वा दुवै प्रयोग गर्न पाउने प्रावधान अनुसार थप माध्याममा पढाइ गर्न चाहने बिद्यालयहरुलाइ नगरपालिकाबाट प्रोत्साहन अनुदान उपलव्ध गराउने ।

२१. नगरपालिकाबाट शिक्षकको पेशागत विकासमा सहयोग, बिद्यार्थी प्रतिभा पहिचानका कार्यक्रम संचालन गर्ने ।

२२. कानून निर्माण गरि बिद्यार्थी संख्या र संचालित कक्षाको आधारमा बिद्यालय सार्ने, गाभ्ने, तह घटाउने, शिक्षक व्यबस्थापन र दरवन्दी मिलानका कार्य गर्ने, यस पछि दरवन्दी नभएका र कम भएका बिद्यालयहरुका लागि नगरपालिकाले आवश्यक व्यबस्था गर्दै जाने । ।

२३. शैक्षिक वर्ष २०७६ को अन्त सम्ममा जैमिनी नगर शिक्षा ऐन जारी गरि आधारभुत तथा माध्यमिक तह सम्मको विद्यालय शिक्षालाइ गुणस्तरिय र व्यबस्थित बनाउदै लैजाने ।

**मितिः २०७६ साल पौष ६ गते**

**जैमिनी नगरपालिका, कुश्मिसेरा**

**बागलुङ**